# मानमिन समाचार

अंक ३१ अप्रिल २९, २०१८


# एनआरबी सम्मेलन तथा प्रदर्शनी २०१८ मा जीसीएनको सहभागिता

## जीवनको वचन र शक्तिशाली कार्यहरूका साथ प्रसारण सेवकाइको क्षेत्र विस्तार


















राष्ट्रिय धार्मिक प्रसारणकर्ता (एनआरबी) को स्थापना ईसाई प्रसारणकर्ताहरूको अधिकार तथा हक-हित संरक्षण गर्नको लागि भएको हो । विश्वभरबाट एक हजार चार सय संघ-संस्था तथा स्टेशन/केन्द्रहरू वार्षिक रूपमा एक ठाउँमा भेला भई नयाँ प्रसारण प्रविधिहरू र कार्यक्रमहरू आदानप्रदान गर्ने र आ-आफ्ना सेवकाइहरूको दर्शन बारे छलफल गर्दछन् ।

संसारभरका ईसाई प्रसारणकर्ताहरूका निम्ति एक उत्सवको रूपमा रहेको एनआरबी सम्मेलन तथा प्रदर्शनी २०१८, फेब्रूअरी २६ देखि मार्च २ सम्म संयुक्त राज्य अमेरिकाको टेनेसीको न्यासभिलमा आयोजना गरिएको थियो । प्रसारण सेवकाइको विस्तारको निम्ति जीसीएन पनि त्यस सम्मेलनमा सहभागी भएको थियो । सुसमाचारमा आधारित टिभी स्टेशन (प्रसारण केन्द्र) भएको कारण, जीसीएनले जीवनका वचनहरू र शक्तिशाली कार्यहरूमा आधारित विविध कार्यक्रमहरू निर्माण गरी त्यसलाई १७० वटा भन्दा बढी राष्ट्रहरूमा प्रसारण गरिरहेको छ ।

फेब्रूअरी २६ मा, जीसीएनले स्वागत समारोहमा सहभागी हुनुका साथै ईसाई प्रसारण सञ्जाल, इस्राएलका प्रमुख प्रतिनिधि, डा. माइकल डी. लिटल, लगायत; एनआरबी अन्तर्राष्ट्रिय समितिको अध्यक्ष, स्टेन जेटर; एनआरबीका पूर्व अध्यक्ष, डा. फ्रैंक राइट, र सीओआईसीओएम (क्वाइकोम) का अध्यक्ष डा. अर्नोल्ड इन्ससित भलाकुसारी तथा सम्बन्ध बढाउने काम गऱ्यो । बिशप डा. सण्डे ओनुहा, भिजन अफ्रिका मिनिस्ट्री इनकर्पोरेटका अध्यक्षले जीसीएनका कार्यक्रमहरूको निम्ति अनुरोध गर्नुभयो र सुश्री लिसा माउरेडिया, इन्सपिरेसन टिभीका निर्देशकले जीसीएनसितको उहाँहरूको साझेदारीको बारेमा चर्चा गर्नुभयो (तस्वीर ८)

फेब्रूअरी २७ मा, जीसीएन विशेष सत्रमा सहभागी भयो, जसमा संयुक्त राज्य अमेरिकाका उपराष्ट्रपति माइक पेन्सले बिहानी तथा दिउँसोको उद्घाटन समारोहमा विशेष वक्ताको रूपमा मनतव्य दिनुभएको थियो (तस्वीर १)

फेब्रूअरी २८ मा, एनआरबीका अध्यक्ष डा. जेरी जोनसनले रिबन काट्नुभई सम्मेलन शुरु भएको औपचारिक घोषणा गर्नु भएपछि (तस्वीर ६), सहभागीहरूले आ-आफ्ना बूथमा आफ्ना कार्यक्रमहरूको प्रचार प्रसार गर्न शुरु गरे । जीसीएनले डा. जेरक लीका शक्तिशाली कार्यहरू, कला प्रस्तुति समूहका प्रस्तुतिहरू तथा यस्तै अन्य क्षेत्रहरूका बारेमा प्रदर्शनी गऱ्यो । धेरै जनाले बूथको अवलोकन गर्नुभयो (तस्वीर २, ४, ५, ७) । बुल्गेरिया ख्रीष्टियन टेलिभिजनका अध्यक्ष, पास्टर ब्लागोब्स्टी बेलेफ भन्दै हुनुहुन्थ्यो, "हामीले डा. जेरक लीका 'क्रूसको सन्देश' वचन शृंखला प्रसारण गरिरहेका छौं । यो बुल्गेरियाका सबै स्थानीय क्षेत्रहरूका साथै युरोपेली देश र त्यहाँका दुई अरब जनसंख्यामाझ फैलिएको छ । हामीले यसका दर्शकहरूबाट थुप्रै धन्यवादका पत्रहरू प्राप्त गरेका छौं ।"

पास्टर यूरी चेरनेट्स्की, रूसी भाषाको इम्प्याक्ट टिभीका अध्यक्षले इस्राएलको वाइइएस (यस) नेटवर्कमा जीसीएनको प्रवेश र जीसीएनसितको भविष्यको साझेदारीको बारेमा छलफल गर्नुभयो । इनलासे टिभीका निर्देशक श्री सेसर एसपोनोलले इन्टरनेटमा आधारित नयाँ कार्य प्रणलीको बारेमा बताउनुभयो र आपसी सहयोगको बारेमा सुझाव दिनुभयो । आईबीएन टिभीका अध्यक्ष श्री जोशुआ वेसले जीसीएनलाई वर्तमान् प्रसारण प्रविधिको बारेमा बताउनुभयो र डलास अनि लस एन्जलसका टिभी स्टेशनहरूसित जीसीएनको सहकार्यको निम्ति प्रस्ताव राख्नुभयो ।

पानामाका इनलासे टिभीको दर्शक सुश्री मिड्किला रड्रिगुजले बूथको अवलोकन गर्नुभई डा. जेरक लीका वचन प्रसारण हुने कार्यक्रमहरू मार्फत् उहाँले हरेक हप्ता धेरै अनुग्रह पाएको कुरा बताउनुभयो । वचनलाई बहुभाषाहरूमा अनुवाद गरी कार्यक्रमहरू निर्माण गरिनुपर्ने बारे र प्रसारण सेवकाइको महत्व बारे उहाँले जोड दिनुभयो ।

दिउँसोको समयमा, प्रसारण सेवकाइका प्रविधि र सूचनाहरू बारे प्रदर्शक र अवलोकनकर्ताहरूले जानकारी आदनप्रदान गर्ने लर्निङ्ग एरिना (साक्षात्कार भाग) मा जीसीएनका निर्देशक एल्डर जेनी किमले बोल्नुभयो । उहाँले सन् २०१७ को सेप्टेम्बरमा धेरै अमेरिकी नागरिकहरूका निम्ति सन्त्रास बनेको समुद्री आँधी अर्मालाई डा. लीले निस्तेज पारिदिनुभएको शक्तिशाली कार्य बारे चर्चा गर्नुभयो (तस्वीर ३) ।

पास्टर मार्क बजालेव, आत्मिक कूटनीती (इस्पिरिच्यूएल डिप्लोमेसी) का उपाध्यक्षले उहाँले अनुभव गर्नुभएको शक्तिशाली कार्यबारे गवाही दिनुभयो । डा लिंडा स्मिथ, सीओओ र डी. जेम्स केनेडी मिनिस्ट्री इनकर्पोरेसनका उपाध्यक्षले, "समुद्री आँधी अर्मा निस्तेज हुनुचाहिँ परमेश्वरबाटको उत्तर हो, उहाँले धार्मिक व्यक्तिको प्रार्थना सुन्नुहुन्छ" भनी भन्नुभयो ।

मार्च १ मा, जीसीएनले बूथमा आफ्ना कार्यक्रमहरूको प्रचार-प्रसार गऱ्यो, ईसाई प्रसारण नेटवर्क (सञ्जाल) को निमन्त्रणामा दिवा भोजमा सहभागी भयो र त्यसपछि चलचित्र प्रदर्शनीमा सहभागी भयो जहाँ ईसाई चलचित्रहरूको बारेमा जानकारी प्रदान गरिएको थियो ।

मार्च २ मा, उहाँहरू विशेष शत्रमा सहभागी हुनुभयो जहाँ सार्वजनिक नीतिबारे छलफल भयो र उहाँहरूले आफ्नो भविष्यको दर्शनलाई फेरि एक पटक दृढ बनाउनुभयो । आफ्ना सबै कार्यसूचीहरू सकाउनुभई अन्तमा उहाँहरू रात्री भोजमा सहभागी हुनुभयो ।

डा. एरोन मरसर, एनआरबीका उपाध्यक्ष (सरकारी सम्बन्ध प्रभाग) ले हरेक वर्ष एनआरबी सम्मेलनमा भाग लिएको र ईसाई संचार माध्यमको विकासमा योगदान पुऱ्याएको निम्ति जीसीएनप्रति कृतज्ञता व्यक्त गर्नुभयो । डा. ट्रय मिलर, एनआरबीका कार्यकारी उपाध्यक्ष तथा एनआरबी टिभीका सीईओले भन्नुभयो, "एनआरबी टिभीबाट प्रसारण हुने डा. जेरक लीका वचनहरू मार्फत् धेरै अमेरिकी दर्शकहरूले अनुग्रह र आशिष् पाउनुभएको छ, म यसो लागि एकदमै धन्यवादी छु ।"

# मोशाले इनामतिर दृष्टि लगाउनुभयो



डा. जेरक ली

> “जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे। पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले आफ्नो दृष्टि इनामतिर लाएका थिए” (हिब्रू ११:२४-२६)।

हिब्रूको पुस्तक ११ अध्यायले विश्वासका पूर्वजहरूको बारेमा उल्लेख गरेको छ, जसले आफ्नो विश्वासद्वारा परमेश्वरलाई प्रसन्न पार्नु भएको थियो। मोशाले पनि परमेश्वरले दिनुहुने इनाममा दृष्टि लगाउनुभई विश्वासका साथ सबै कठिनाइहरूमाथि विजयी हुनुभई परमेश्वरलाई प्रसन्न पार्नु भएको थियो। अब हामी मोशाको विश्वास बारे हेरौं।

### १. परमेश्वरबाटको ईनाममा आशा राख्ने विश्वास

केही विश्वासीहरू परमेश्वरबाटको इनाममा आशा राख्नु ठीक होइन भनी भन्ने गर्दछन्। उहाँलाई प्रेम गर्नेहरूले फिर्तामा उहाँबाट कुनै चिजको आशा नराखी स्वेच्छाले उहाँको निम्ति कार्य गर्नुपर्दछ भन्ने कुरामा तिनीहरू जोड दिँदछन् र उहाँबाट इनाम पाउने आशामा कार्य गर्नु ठीक होइन भन्ने कुरामा अडिग रहिरहन्छन्।

यद्यपि, हिब्रू ११:६ ले यसो भन्दछ, “विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ।” हामीलाई प्रतिफल दिनुहुने परमेश्वरमा हामीले विश्वास गरेको खण्डमा मात्र हामी जस्तो सुकै कष्ट परीक्षाहरूलाई जित्न सक्छौं भन्ने कुरालाई यसले जनाउँदछ। जस्तो सुकै कठिनाइहरूमा पनि हामी विजयी हुन सक्छौं।

यदि हामीमा परमेश्वरबाटको इनाममा विश्वास छ भने, हामीले आशिषहरू प्राप्त गर्नेछौं र ती आशिषहरूद्वारा थुप्रै प्राणहरूलाई मुक्तिमा डोऱ्याई परमेश्वरलाई महिमा दिनेछौं। यसो गर्नु न त स्वार्थ हो न गलत नै!

### २. स्वर्गीय इनामतिर दृष्टि लगाउनुहुने मोशाको विश्वास

मोशाको जन्म लगभग १५०० इ.पू. मा भएको थियो, त्यसबेला इस्राएलीहरू मिश्रीहरूको कठोर दासत्वको अधीनमा थिए। इस्राएलीहरू संख्यामा वृद्धि हुँदै गएपछि, फारोले इस्राएलीहरूले बालक जन्माएमा ती बालकहरूलाई मार्न आफ्ना मानिसहरूलाई आदेश दिए। मोशा यस्तो समयमा जन्मनु भएको थियो। उहाँको बुवा आमाले तीन महिना सम्म उहाँलाई लुकाएर राख्नुभयो (हिब्रू ११:२३) र पछि कुशको एउटा टोकरीमा राख्नुभई उहाँलाई नील नदीमा बगाई दिनुभयो। फारोकी छोरीले टोकरी फेला पारिन् र बच्चालाई उठाइन्। केही दूरीमा बसेर सबै कुरा हेरिरहनु भएकी मोशाकी दिदी मिरियम फारोकी छोरी कहाँ जानुभयो र बच्चालाई दूध खुवाउनको लागि मोशाको आमालाई धाई आमा बनाएर ल्याउनुभयो। त्यसपछि फारोकी छोरीले मोशालाई धर्म पुत्र बनाइन् र महलमा धाई आमाको रूपमा उहाँलाई जन्म दिने आमाले उहाँको हेरचाह गर्नु भयो।

यी सबै घटनाहरू संयोग मात्र थिएनन्। सबै कुराहरू परमेश्वरको प्रबन्ध अनुसार नै पूरा भएका थिए। फलस्वरूप, मोशाले जन्मदेखि नै इस्राएलका परमप्रभु परमेश्वरको बारेमा सिक्नुभयो र इस्राएलीहरू परमेश्वरबाट चुनिएका जाति हुन् भन्ने कुरा उहाँलाई सुनाइयो। साथै इस्राएलीहरू कसरी मिश्रमा बसोबास गर्न पुगे र तिनीहरूलाई त्यहाँबाट निकालेर आशिषित् भूमिमा लैजाने र एउटा विशाल राष्ट्र खडा गर्ने परमेश्वरको प्रतिज्ञा बारे पनि उहाँले सुन्नुभयो।

अब हामी मोशामा कसरी परमेश्वरबाटको इनामतिर दृष्टि लगाउने विश्वास आयो भनी हेरौं। हामी उहाँको विश्वासका तीन पक्षहरूलाई जाँचेर हेर्नेछौं।

#### १) मिश्रको राजकुमार रहिरहँदा प्राप्त हुने सांसारिक धन-सम्पत्ति र महिमालाई उहाँले त्याग्नुभयो।

मोशा राजकुमारीको छोराको रूपमा फारोको महलमा हुर्कनु भएतापनि, उहाँमा आफ्नो जातिलाई मिश्रीहरूको थिचोमिचोबाट स्वतन्त्र गराउने चाहना थियो।

एकदिन उहाँले एक जना मिश्रीले एक जना हिब्रूलाई हिर्काइरहेको देख्नुभयो। रीस खप्न नसकी उहाँले त्यस मिश्रीको हत्या गरिदिनुभयो। यो कुरा फैलिएपछि, उहाँ महल छोडी उजाडस्थानतिर भाग्नुभयो। उहाँले परमेश्वरको खातिर महलको आरामदायी र विलासी जीवनलाई त्याग्नु भयो। उहाँले एक भगौडाको जीवन जिउनुभयो, जसले कुनै पनि समयमा मिश्री सेनाहरूको हातमा परी ज्यान नै गुमाउन सक्थ्यो।

यसबारे, हिब्रू ११:२४-२६ ले यसो भन्दछ, “जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे। पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले आफ्नो दृष्टि इनामतिर लाएका थिए।”

यदि हामीमा परमेश्वरबाटको इनामतिर हेर्ने विश्वास छ भने, ख्रीष्टको खातिर हामी आफ्ना अति अमूल्य थोकहरूलाई पनि त्याग्नेछौं र कष्टहरूका माझमा समेत हामी आनन्दित बन्नेछौं।

#### २) उहाँले हर प्रकारका कठिनाइहरूलाई सहनुभयो र परमेश्वरले दिनुभएको जिम्मेवारी पूरा गर्नुभयो।

परमेश्वरले ४० वर्षसम्म उहाँलाई उजाडस्थानमा परिष्कृत गर्नुभयो। त्यसपछि परमेश्वरले उहाँलाई इस्राएलीहरूको अगुवा नियुक्त गर्नुभयो। परमेश्वरले उहाँलाई इस्राएलीहरूलाई स्वतन्त्र गराउने र कनान देशमा लैजाने जिम्मेवारी सुम्पनुभयो।

मोशाले जीवन नै जोखिममा पर्ने यस्ता थुप्रै परिस्थितिहरूको सामना गर्नुपरेको थियो, तरैपनि उहाँले केवल परमेश्वरतिर मात्र हेर्नुभयो र अघि बढी नै रहनुभयो। उहाँमा परमेश्वरप्रति विश्वास भएकोले गर्दा, उहाँले साहसका साथ जिद्दी फारो समक्ष इस्राएलीहरूलाई जान दिन भन्न सक्नुभयो। मिश्री सेनाहरूले इस्राएलीहरूलाई लखेट्दा, विश्वासद्वारा मोशाले लाल समुद्रलाई दुइ भागमा विभाजन गर्न सक्नुभयो। फलस्वरूप, इस्राएलीहरूले सुख्खा भूमि भएर समुद्र पार गरे।

यी आश्चर्यकर्महरूको बावजूद, केही समय पश्चात् तिनीहरू फेरि मोशाको विरुद्धमा गनगनाउन थाले। किनभने तिनीहरूसित भएको पानी र भोजन सिद्धिएको थियो। मिश्रमा नै तिनीहरू खुशी थिए, तर मोशाले तिनीहरूलाई मार्नको लागि मिश्रबाट निकालेर ल्याउनुभयो भन्दै, तिनीहरू मोशाको विरुद्धमा गनगनाए। मिश्रीहरूको दासत्वबाट छुट्कारा पाउनको लागि परमेश्वरमा तिनीहरूले हार्दिकताका साथ गरेको पुकारालाई तिनीहरूले बिर्से।

तरैपनि, मोशा कहिल्यै पनि निराश हुनुभएन वा उहाँले परमेश्वरले सुम्पनु भएका जिम्मेवारीहरूलाई त्याग्नुभएन। सर्वज्ञानी परमेश्वरमा उहाँ भरपर्नुभयो। आफूले गरेका कार्यहरूको प्रतिफलको रूपमा परमेश्वरबाट प्राप्त हुने इनाममा नै उहाँले दृष्टि राख्नुभयो। इस्राएलीहरू मोशाको विरुद्धमा खडा भई गनगन गर्दा, उहाँले तिनीहरूका निम्ति प्रायश्चित गर्नुभयो र प्रेमका साथ यसो भन्दै परमेश्वरसित प्रार्थना गर्नुभयो, “तापनि तपाईंले तिनीहरूको पाप क्षमा गर्नुहुन्छ होला-हुन्न भनेता, तपाईंले लेख्नुभएको पुस्तकबाट मेरो नाउँनिशानै मेटिदिनुहोस्!” (प्रस्थान ३२:३२)।

त्यसकारण, परमेश्वरले मोशालाई धेरै प्रेम गर्नुभयो, परमेश्वरको सम्पूर्ण घरानामा विश्वासयोग्य भएको निम्ति उहाँको प्रशंसा गर्नुभयो र मित्रझैं आमनेसामने भई बात गर्नुभयो (गन्ती १२)। परमेश्वरले मोशालाई जिम्मेवारीहरू सुम्पनुको कारणचाहिँ मोशाको हृदयलाई परिष्कृत गर्न, उहाँलाई ख्रीष्टको हृदय सम्वर्द्धन गर्न सहयोग गरी स्वर्ग र पृथ्वीमा इनामहरू थुपार्न तथा महान् महिमा प्राप्त गर्न दिनको लागि थियो।

#### ३) उहाँले परमेश्वरलाई मान्यता दिनुभयो र सबै थोकमा परमेश्वरमाथि नै भर पर्नुभयो।

समस्याहरू आइपर्दा मोशा परमेश्वरमा प्रार्थना गर्नुहुन्थ्यो। किनभने उहाँले परमेश्वरमा विश्वास गर्नुभएको थियो। परमेश्वरले नै आफ्ना प्रजालाई आफ्नो महान् शक्तिद्वारा मिश्रबाट निकालेर ल्याउनुभएको हो, उहाँ मेरा सबै परिस्थितिहरू जान्नुहुन्छ र उहाँमा केही पनि असंभव छैन भन्ने कुरामा मोशाले विश्वास गर्नुभएको थियो।

दुष्ट मानिसहरूले दोष लगाउँदै मोशाको विरुद्धमा विद्रोह गर्दा समेत, उहाँले कहिल्यै पनि तिनीहरूसित झगडा वा विवाद गर्नु भएन, यसको साटो उहाँले न्यायी परमेश्वरको हातमा नै सबै थोक सुम्पनुभयो। कोरह सहित समुदायका दुई सय अगुवाहरूले मोशाको विरुद्धमा विद्रोह गर्दा, उहाँले परमेश्वरमा प्रार्थना गर्नुभयो र तिनीहरूमुनिको धरती फाटी त्यसले तिनीहरूलाई जिउँदै निल्यो (गन्ती १६:१-३३)।

परमेश्वरले मोशाद्वारा काम गर्नुभएझैं, यदि हामीपनि सबै थोकहरूमा परमेश्वरलाई मान्यता दिन्छौं र उहाँमा नै भर पर्छौं भने परमेश्वरले हाम्रो विश्वासअनुसार नै काम गर्नुहुनेछ।

ख्रीष्टमा प्रिय दाजु-भाइ तथा दिदी-बहिनीहरू, तपाईंहरूले पनि मोशाले जस्तै परमेश्वरबाट आउने इनामतिर दृष्टि लगाउने विश्वास धारण गर्नुभएको होस् र स्वर्गमा आशा राख्दै सम्बन्धित सबै पक्षहरूमा विश्वासयोग्य भई काम गर्नुभएको होस् भनी म आग्रह गर्दछु। तपाईंहरू स्वर्गको अनन्त महिमामा आनन्दित हुनु भएको होस् भनी म प्रभुको नाउँमा प्रार्थना गर्दछु।

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू ख्रीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं।
४. मानमिन केन्द्रिय मण्डली येशू ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा “प्रेरितहरुको विश्वासको सार” द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन्।

“किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ।” (प्रेरित १७:२५)
“अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन।” (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड ०८३८९)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन

# पवित्र आत्माको आवज स्पष्टसित सुन्ने तीनवटा उपायहरू

जब तपाईंले पश्चात्ताप गर्नुभई येशू ख्रीष्टलाई ग्रहण गर्नुहुन्छ, तब परमेश्वरले उपहार स्वरूप सहयोगी पवित्र आत्मालाई तपाईंको हृदयमा पठाई दिनुहुन्छ। रोमी ८:१४-१५ ले भन्दछ, “किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्। किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई ‘अब्बा, पिता’ भनी पुकाछौं।” यहाँ लेखिएझैं, पवित्र आत्मा पाउनुभएका परमेश्वरका छोराछोरीहरूले पवित्र आत्माले उहाँहरूलाई भन्नुभएका कुराहरू सुन्न र पवित्र आत्माको अगुवाइ प्राप्त गर्न सक्नुहुन्छ।

◈ ◈ ◈

पवित्र आत्माको आवाज कानद्वारा नभई हृदयद्वारा सुन्न सकिन्छ। उहाँ सत्यको आत्मा हुनुभएकोले गर्दा (यूहन्ना १४:१७), उहाँ सत्यताद्वारा काम गर्नुहुन्छ। त्यसकारण, उहाँको आवाज सुन्न, सर्वप्रथम तपाईंले सत्यताद्वारा आफ्नो हृदय सम्वर्द्धन गर्नु पर्दछ। पवित्र आत्माको आवाज अति नै मधुरो भएतापनि, यदि तपाईं उहाँको आवाजलाई ध्यानसित सुन्नुहुन्छ र पालना गर्नुहुन्छ भने, तपाईंले आफ्नो हृदयालाई सत्यताद्वारा भर्न र अझ स्पष्टसित उहाँको आवाज सुन्न सक्नुहुनेछ। थपअझ, उत्कट प्रार्थनाहरूमार्फत् यदि तपाईं आत्माको पूर्णता प्राप्त गर्नुहुन्छ भने, तपाईंले झन् बढी स्पष्टताका साथ उहाँको आवाज सुन्न सक्नुहुनेछ।

◈ ◈ ◈

अर्थात्, हृदयमा सत्यता सम्वर्द्धन गर्नुभई विश्वासमा वृद्धि हुनुहुँदा, तपाईंले अझ बढी स्पष्टताका साथ पवित्र आत्माको आवाज सुन्न सक्नुहुनेछ। पवित्र आत्माको आवाजलाई स्पष्टसित सुन्न र उहाँको अगुवाई प्राप्त गर्न हामीले के गर्नु पर्छ, सो सम्बन्धमा अब हामी हेरौं।

## साँचो हृदयद्वारा तपाईले परमेश्वरको इच्छा बुझ्न प्रयास गर्नुपर्छ।

यदि तपाईं उहाँको वचनभन्दा बढी आफ्नो अवस्था वा परिस्थितिलाई प्राथमिकता दिनुहुन्छ भने, तपाईंले पवित्र आत्माको आवजालाई स्पष्टसित सुन्नु सक्नुहुन्न। यस्तो अवस्थामा तपाईंमा यस्तो सोचाइ आउन सक्छ, ‘मलाई यो कुरा बढी मन पर्छ। वास्तविकता चाहिँ एकदमै कठिन छ।’ सत्यको हृदयद्वारा परमेश्वरको इच्छा पत्ता लगाउनुको साटो, यदि तपाईंमा यस प्रकारका सोचाइहरू आउँदछन् भने, तपाईंलाई पवित्र आत्माको आवाज स्पष्टसित सुन्न र उहाँबाट अगुवाइ प्राप्त गर्न गाह्रो हुनेछ।

यसकारण, तपाईंमा बिना शर्त परमेश्वरका इच्छाहरू पालना गर्ने हृदय हुनुपर्दछ। तपाईंले विश्वासका साथ प्रार्थना गर्नुपर्दछ, तपाईंलाई असम्भव जस्तो लागेका कुराहरू समेत तपाईंले आज्ञा पालना गर्नहुँदा परमेश्वरले सम्भव तुल्याई दिनुहुनेछ। विश्वासको यस्तो प्रार्थनाद्वारा तपाईंले आत्माको आवाज सुन्न सक्नुहुन्छ।

## तपाईंले स्व-धार्मिकता, संरचना र अनुमानहरूबाट उत्पन्न शारीरिक सोचाइहरू प्रयोग गर्नुहुँदैन।

मानौं कुनै व्यक्तिमा बलियो स्व-धार्मिकता छ र उसले दानिएलको सत्यनिष्ठाबारेको वचनबाट धेरै अनुग्रह प्राप्त गऱ्यो। त्यसबाट उसले, ‘जे भएतापनि सत्यको विरुद्धमा कुनै सम्झौता नगर्ने’ आफ्नै स्व-धार्मिकता विकास गऱ्यो। त्यसो भएमा, उसले त्यसलाई हरेक कुराहरूको मापदण्डको रूपमा प्रयोग गर्न सक्छ। शान्ति भङ्ग भएतापनि कहिल्यै पनि सम्झौता गर्नुहुँदैन भन्ने कुरामा उसले जोड दिनेछ। यस्ता व्यक्तिहरूले सामान्यतया आफ्नो स्व-धार्मिकता, संरचना र अनुमानहरू प्रयोग गर्दछन् र गलत रूपले त्यसलाई नै सत्य ठान्दछन्। यस्तो अवस्थामा, आत्माले तिनीहरूलाई सत्य सिकाउनु भएतापनि तिनीहरूले उहाँको आवाज सुन्न सक्दैनन्। बाहिरबाट हेर्दा, तिनीहरू जोशिलोभई विश्वासी जीवन जिएको जस्तो देखिएतापनि, तिनीहरूले अवरोधहरूको सामना गर्दछन् र विश्वासको एउटा तहमा अड्की रहेका हुन्छन्।

त्यसकारण, परमेश्वरको राज्यको निम्ति काम गर्दा, तपाईंले हरेक व्यक्तिको विश्वास र परिस्थिति उनुकूल फरक-फरक तरिकाहरू अपनाउनु पर्दछ। तपाईंले हठी भई आफ्नै सोचाइमा जिद्दी गर्नुहुँदैन, किनकि तपाईंले पनि सत्यतालाई गलत तवरले बुझ्नुभएको हुन सक्छ। तपाईंलाई आफूले आत्माको आवाज सुनेको जस्तो लगोतापनि, त्यो सही हो कि होइन भनी तपाईंले त्यसलाई सत्यता अनुसार जाँचेर हेर्नु पर्दछ।

## आत्माले तपाईंलाई भन्नु भएको र गर्नका लागि तपाईंलाई प्रेरणा दिनु भएको कुरा तपाईंले पालना गर्नु पर्दछ।

नयाँ विश्वासीहरूले समेत परमेश्वरको वचन सुन्नुभई जोशिलोभई त्यसलाई पालना गर्न कोशिश गर्नुभएको खण्डमा, उहाँहरूले आत्माको आवाज सुन्न सक्नुहुन्छ। तर अधिकांश मानिसहरू वचनलाई मनमा गुनेर राख्न र त्यसलाई पालना गर्न असफल हुँदछन्। त्यसकारण तिनीहरू आत्माको आवाज सुन्न सक्दैनन्।

यदि तपाई निरन्तर आत्माले भनेको कुराको अवज्ञा गर्नुहुन्छ भने, तपाईंले परमेश्वरको कार्य अनुभव गर्न सक्नुहुन्न र पछिबाट उहाँको आवाज समेत सुन्न सक्नुहुन्न। यदि तपाईं उहाँलाई सुन्न सक्नुहुन्न भने, तपाईंको मुक्तिसित कुनै सरोकार नै हुँदैन।

परमेश्वरका छोराछोरीहरूले मृत्युमा पुऱ्याउने पाप गर्नुहुँदा, उहाँहरूको हृदयमा पवित्र आत्माले बिलौना गर्नुहुने भएकोले गर्दा, उहाँहरू भयभीत बन्नुहुन्छ। तर यदि तिनीहरू त्यसलाई बेवास्ता गरी फेरि-फेरि पाप गरिनै रहन्छन् भने, तिनीहरूको हृदय चेतनशुन्य हुनेछ र डर हराउँदै जानेछ। अन्ततः तिनीहरूले आत्मिक मृत्युको सामना गर्नु पर्नेछ। तिनीहरूको विवेक तातो फलामले डामेकोझैं हुने भएकोले गर्दा, तिनीहरू आफ्नै फाइदा र अभिलाषाहरूलाई पछ्याउँदछन्। तिनीहरू पापको दलदलमा झन्-झन् फस्दै जानेछन्। त्यसपछि, तिनीहरू यस्तो अवस्थामा पुग्नेछन्, जहाँबाट तिनीहरूलाई पश्चात्ताप गरी फर्केर आउनु असम्भव हुनेछ। अन्ततः तिनीहरू आत्मिक मृत्युमा पुग्नेछन्।

◆

तपाईंले आत्माको आवाज सुन्नुभएर उहाँबाट अगुवाइ प्राप्त गर्नु भएतापनि, आज्ञा पालना नगर्नु भएसम्म तपाईं उहाँबाट डोऱ्याइनु भएको भन्न मिल्दैन। उहाँका वचन पालना गर्नु भएको खण्डमा मात्र, तपाईंले उहाँको आवाज अझ स्पष्टसित सुन्न र उहाँद्वारा डोऱ्याइन सक्नुहुनेछ। तसर्थ, आत्माको भरपूरीमा तपाईंले असत्यताको हृदयलाई तुरुन्तै त्याग्नु पर्दछ, केवल आत्मिक सोचाइहरू सोच्नुपर्दछ र आत्माले तपाईंलाई भन्नुभएका कुराहरू सुन्नु र पालन गर्नु पर्दछ। त्यसोभएको खण्डमा मात्र तपाईं सधैँभरि आशिष्का मार्गहरूमा डोऱ्याइन सक्नुहुनेछ।

आत्माको आवाज सुन्नुको मुख्य मर्मचाहिँ पवित्र हृदय प्राप्त गर्नु हो। जब तपाईं पवित्र हुनुभई परमेश्वरको समरूप बन्नुहुन्छ, तब तपाईंको इच्छा र हृदय परमेश्वरसित एक हुनेछ र तपाईं स्वाभाविक रूपमा नै आत्माद्वारा डोऱ्याइनुहुनेछ।

१ थेसलोनिकी ५:२१-२४ ले भन्दछ, “सबै कुराको जाँच गर। जुन कुरा असल छ त्यसैमा दृढ रहो। सबै किसिमका खराबीबाट अलग बस। शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्। तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ।” तसर्थ, हामी चाँडै पवित्र बन्नु पर्दछ, स्पष्ट रूपमा आत्मासित सञ्चार गर्नु पर्दछ र प्रभुको दुलहीको रूपमा आफ्नो तयारी पूरा गर्नु पर्दछ।

# "मैले एक पटक मेरो स्मरण शक्ति गुमाएको थिए तर शक्तिशाली प्रार्थनाद्वारा यसलाई पुनः प्राप्त गर्न सकेँ!"

डिकनिस चनही ज्याङ्ग, वर्ष ६७, छैठौं प्यारिस, मानमिन केन्द्रीय चर्च



सन् २०१८ को फेब्रुअरी १ मा, म मेरी छोरीसित फोनमा कुरा गरिरहेको थिएँ । उनी कामको सिलसिलामा यात्रामा थिइन् । उनले यात्रा बारे मलाई अघिबाटै बताएको भनेतापनि, मैले यादै गर्न सकिनँ । मेरी छोरीले मेरो अवस्था बारे केही अनौठो महसुस गरिन् र उनले आफ्नी छोरीलाई मलाई अस्पताल लैजान भनिन् । स्नायू चिकित्सा विभागमा मेरो स्वास्थ्य परीक्षण गरियो ।

चिकित्सकले मलाई केही प्रश्नहरू सोध्नुभयो, अनि मलाई हात र खुट्टाहरू चलाउनका लागि भन्नुभयो । विगतमा मलाई मस्तिष्कमा आघात भएकोले गर्दा मस्तिष्कमा रक्तप्रवाहमा समस्या आएको र स्मरण शक्ति क्षीण (ट्रान्सियन्ट ग्लोबल एम्नेसिया) भएको हुन सक्छ भनी उहाँले बताउनुभयो । उहाँले तुरुन्तै मलाई अस्पतालमा भर्ना लिनुभयो । मैले त्यो दिन गरेको हरेक कामलाई याद गर्न प्रयत्न गरेँ । जिल्लाको प्रार्थना सभापछि घर फर्किनको लागि मैले जुत्ता लगाएको कुरा त मलाई याद भयो, तर त्यसपछिका कुराहरू भने मैले स्मरण गर्न सकिनँ ।

भोलिपल्ट मस्तिष्कको एमआरए गरियो । चिकित्सकले परीक्षणको रिपोर्ट हेर्नुभयो र ब्रेन स्टेमको (सेरेब्रमलाई मेरुदण्डसित जोड्ने नली जुनले मस्तिष्कमा पोषण तत्व लैजाने गर्दछ) माथिल्लो भागसित सम्पर्क टुटेको बताउनु भयो । मलाई वार्डमा पठाइयो । मैले पछिबाट थाहा पाएँ कि म वार्डमा गएपछि चिकित्सले मेरा परिवारका सदस्यहरूलाई म धेरै दिनसम्म बाँच्दिन भन्नु भएको रहेछ । उहाँले मेरा परिवारका सदस्यहरूलाई सबै कुरा ईश्वरका हातमा सुम्पनको लागि भन्नुभएछ ।

जब मैले मेरो मस्तिष्कमा भएको समस्या बारे सुनेँ, तब त्यस क्षण मैले म परिवारका सदस्यहरूका निम्ति बोझ पो बन्ने भएँ भनी सोचेँ, तर म प्रार्थनाको हृदयद्वारा परमेश्वरमा नै भर परेँ । मैले मेरो विगतलाई फर्केर हेरेँ । मानमिनमा दर्ता भएदेखि मेरो परिवारले सिनियर पास्टर डा. जेरक लीबाट थुप्रै अनुग्रह प्राप्त गरेको भएतापनि, परमेश्वरप्रतिको मेरो जोश र कार्यहरूमा भएको कमी बारे मैले विचार गरेँ । मलाई एकदमै दुःख लाग्यो र मैले आँसुसहित पश्चात्ताप गरेँ ।

त्यो साँझ परिवारका सदस्यहरूको सहयोगमा मैले डाँडाको प्रार्थना घरमा प्रार्थना गरिरहनु भएको सिनियर पास्टर कहाँ प्रार्थनाको अनुरोध पठाएँ । उहाँको प्रार्थनाद्वारा सबै कुरा ठीक हुनेछ भनी मैले सोचेँ र चिन्ता मुक्त भएँ । म राम्ररी निदाएँ ।

भोलिपल्ट फेरि मेरो मस्तिष्कको एमआरए गरियो र परमेश्वरको यति शिघ्र अद्भुत कार्यद्वारा म छक्क परेँ । चिकित्सकले मलाई, "तपाईंले राम्रो गर्नुभयो । नतिजा धेरै राम्रो आएको छ । बधाई छ" भनी भन्नुभयो । साथै मेरो मस्तिष्कमा रक्तप्रवाह राम्ररी हुन थालेको र मस्तिष्कमा पोषण तत्व पूर्ति हुन थोलेको बताउनु भयो ।

रिपोर्टले सेरेब्रमसितको बेँन स्टेमको सम्पर्क फेरि जोडिएको देखायो । मेरो ब्रेन स्टेम फेरि साँघुरिने सम्भावना कति छ भनी उहाँलाई सोधेँ । उहाँले छैन भन्नुभयो र मस्तिष्कसित सम्बन्धित समस्या हुने छैन भन्नुभयो । हल्लेलूयाह !

सिनियर पास्टरको प्रार्थनाद्वारा म भर्ना भएको पाँच दिनपछि अस्पतालबाट डिस्चार्ज हुन सकेँ । मलाई नयाँ जीवन पाएको अनुभव भयो । अहिले म धन्यवादिताले भरिएको छु । प्रशंसाका गीतहरू गाउँदा, मेरा आँखाहरूबाट आँसु बग्दछन् । मैले विशेष दानिएल प्रार्थनामा प्रार्थना गरेँ र छिमेकीहरूलाई *मानमिन समाचार* बाँडे । परमेश्वरको अनुग्रहको मूल्य चुकाउन म जोशिलो भई इसाई जीवन जिउन प्रयत्न गर्दैछु ।

म सम्पूर्ण धन्यबाद र महिमा परमेश्वरलाई दिन्छु, जसले मलाई चङ्गाइको शक्ति अनुभव गर्न दिनुभयो र मलाई विश्वास र आशाद्वारा भरिरहनु भएको छ । मेरो निम्ति प्रार्थना गरिदिनुहुने सिनियर पास्टरप्रति म हृदयदेखि कृतज्ञता व्यक्त गर्दछु ।

**एमआरए**

सामान्य व्यक्तिको मस्तिष्कका रक्तवाहिकाहरू | डिकनिस ज्याङ्गको मस्तिष्कका रक्तवाहिकाहरू



▲ प्रार्थना गर्नु भन्दा अघि : सामान्य व्यक्तिको एमआरए स्क्यानमा देखिएको बसाल आर्टेरी (मस्तिष्कमा अक्सिजनयुक्त रगत प्रवाह गर्ने धमनी) डिकनिस ज्याङ्गको एमआरए स्क्यानमा नदेखिएको

**न्यूरोएङ्गियोग्राफी**



▲ प्रार्थना पछि : एमआरए स्क्यानमा दायाँतिरको आन्तरिक रक्तप्रवाह धमनी (बायाँ) र बायाँतिरको आन्तरिक रक्तप्रवाह धमनीमा (दायाँ) रक्त प्रवाह सामान्य भएको

# "इनलासे टिभीमा सिनियर पास्टरको प्रार्थनाद्वारा म सर्वाइकल भर्टेब्रा (खोपडी र काँधबीच रहेको मेरुदण्डका सातवटा हाडहरू/गर्दनको हड्डी) को चोटबाट म निको भएँ!"

दिदी जिमेना क्याब्रेरा, वर्ष ४१, कोलम्बिया मनमिन चर्च

लामो समयदेखि विश्वासी जीवन जिएको भएतापनि म हृदयमा भने सन्तुष्ट थिइनँ । मैले आत्मिक तिर्खा महसुस गरेँ र "परमेश्वर, म साँचो ईसाई बन्न चाहन्छु । परमेश्वरको वचनलाई सत्यता र कार्यमा प्रचार गर्नुहुने साँचो गोठालो मलाई भेट्न दिनुहोस्" भन्दै म प्रार्थना गर्न थाले ।

सन् २०१० मा, म कार दुर्घटनामा परेँ । मेरो पछाडि एउटा कार तीव्र गतिमा हुइँकिँदै आयो र मेरो कारलाई एकदमै जोडले ठक्कर दियो । जसले गर्दा मेरो गर्दनमा दखल पऱ्यो र दोस्रो सर्वाइकल भर्टेब्रामा (खोपडी र काँधबीच रहेको मेरुदण्डका सातवटा हाडहरू/गर्दनको हड्डी मध्येको दोस्रो हड्डी) चोट लाग्यो । गर्दनलाई सहारा दिनको लागि मैले कास्ट (प्लास्टर) लगाउनु पऱ्यो । म आफ्नो गर्दन चलहल गर्न सक्दिनथेँ र बसेर नै निदाउने गर्दथेँ । त्यो पीडा यति असह्य थियो कि म त्यसलाई शब्दमा नै व्यक्त गर्न सक्दिनँ ।

एक आइतबार, मैले इनलोसे टिभीमा (स्पेनिस भाषा बोल्नेहरूका निम्ति प्रमुख इसाई टिभी स्टेशन) मानमिन केन्द्रिय चर्चका सिनियर पास्टर, डा. जेरक लीको वचन र प्रार्थना सुनेँ । मैले उहाँको वचनको केही अंशमात्र सुनेको थिएँ, तर मलाई उहाँको वचन र प्रार्थना एकदमै मन पऱ्यो । म अर्को आइतबारको पर्खाईमा बसेँ ।

अन्ततः त्यो दिन आयो, र मैले फेरि सिनियर पास्टरको वचन सुनेँ । त्योचाहिँ उहाँको वचन, "क्रूसको सन्देश" को श्रृंखला थियो । यसले आत्मिक रूपमा नै मलाई चकित तुल्यायो । मैले पहिलो चोटी यस्तो आत्मिकी वचन सुनेँ । समय बितेको पत्तै पाइनँ र धेरै अनुग्रह प्राप्त गरेँ ।

वचनपछि, उहाँले दर्शकहरूलाई 'बिरामी भागहरूमा हात राख्न' भन्नुभयो । मैले मेरो गर्दनमा हात राखे र प्रार्थना ग्रहण गरेँ । त्यसपछि नचिताएको घटना भयो । प्रार्थना पश्चात्, दुखाई हराएर गयो र मैले मेरो गर्दन अगाडि, पछाडि, बायाँ र दायाँ हल्लाउन सकेँ । एकै क्षणमा यस्तो भयो । हल्लेलूयाह !

त्यसको केही समयपछि मैले प्लास्टर हटाएँ र आरामसित तकियामा सुत्न सकेँ । म एकदमै खुशी र आभारी भएँ र मानमिन केन्द्रिय चर्चको वेबसाइटमा गएर इन्टरनेटद्वारा आराधना सेवाहरूमा सहभागी हुन थालेँ । सन् २०१० को डिसेम्बरमा, मैले मानमिनको सदस्यको रूपमा दर्ता गरे ।

त्यसपछि, सन् २०१२ को जनवरीमा कोलम्बियामा मानमिन चर्चको शाखा खोलियो र म त्यहाँ जान थालेँ । अहिले म र मेरा छोराछोरीहरू सँगै चर्च जाने गर्दछौं र हामी स्वर्गको आशाले भरिएका छौं । म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु, जसले हामीलाई शक्तिको गोठालोसित भेट्ने आशिष् दिनुभयो । मेरो निम्ति प्रार्थना गरिदिनुहुने सिनियर पास्टरलाई म हृदयदेखि धन्यवाद दिँदछु ।




▲ दिदी जिमेना क्याब्रेरा, छोराछोरीहरूको साथमा पछाडिको बाँयाबाट दोस्रो